# सन्दकपुर गाउँपालिकाको लम्फी स्किन रोग रोकथाम नियन्त्रण तथा राहत सम्वन्धी कार्यबिधी २०८०

कार्यपालिका बाट स्वीकृत मितिः २०८०

**प्रस्तावनाः** लम्फी स्किन रोगको प्रभावलाइ नियन्त्रण तथा रोकथाम गर्दै कृषकहरुमा परेको पशु चौपायको हानी नोक्सानीका लागि राहत दिइ पशुपालन पेशा व्यवसायलाइ पुनःस्थापना तर्फ उन्मुख बनाउन बान्छनिय भएकाले सन्दकपुर गाउँपालिकाको कार्यपालिकाले यो कार्यबिधी तयार गरी लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यबिधिको नाम सन्दकपुर गाउँपालिकाको लम्फी स्किन रोग रोकथाम नियन्त्रण, राहत तथा पुनस्थापना सम्वन्धी कार्यबिधी २०८० हुनेछ ।

(ख) यो कार्यबिधी कार्यपालिका बाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पछी प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा,

क) "कार्यालय" भन्नाले सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग) "प्रमुख" भन्नाले सन्दकपुर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

घ) "उप प्रमुख" भन्नाले सन्दकपुर गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले सन्दकपुर गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

च) "शाखा" भन्नाले सन्दकपुर गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्छ ।

छ) "बिषयगत समिति" भन्नाले सन्दकपुर गाउँपालिकाको आर्थिक बिकास समिति सम्झनु पर्छ ।

ज) "मुल्यांकन तथा सिफारिस समिति" भन्नाले यस कार्यबिधिको दफा -६ को समिति सम्झनु पर्छ ।

उपसमिति भन्नाले दफा -६ बमोजिम गठित उपसमिति सम्झनु पर्नेछ ।

झ) "निर्देशन समिति" भन्नाले यस कार्यबिधिको दफा ८ को समिति सम्झनु पर्छ ।

ञ) "आर्थिक प्रशासन शाखा" भन्नाले सन्दकपुर गाउँपालिकाको आर्थिक प्रशासन शाखा सम्झनु पर्छ ।

## परिच्छेद २

## कार्यक्रमको उद्येश्य

**३. कार्यक्रमको उद्येश्यः** गत आ.ब. मा देसै भरी फैलिएको लम्फी स्किन रोगले यस गाउँपालिका क्षेत्र भित्रका पशुको मृत्युको कारण भएको क्षतिलाई न्युनिकरण गर्न केहि राहत उपलब्ध गराउने तथा भएको क्षतिको न्युनिकरण गर्दै पशुपालन व्यवसाय तर्फ प्रोत्साहित गर्न यस रोगबाट आगामि दिनमा हुनसक्ने संक्रमणको जोखिमलाई न्युनिकरण गर्दै प्रभाबकारी एवं नतिजामुखी नियन्त्रण, रोकथाम, उपचार र पुनर्स्थापनाका कार्य सञ्चालन गरी संघिय तथा प्रदेश सरकार साथै अन्य सरोकारवाला निकायहरु संग समेत समन्वय र सहकार्य गरी सन्कपुर गाउँपालिकाका पशुपालन

व्यवसाय गर्ने किसानहरुको व्यवसायिक जोखिमलाइ न्युनिकरण गर्ने र भएको क्षतिको भरिपुरण गरी पशुपालन व्यवसायलाइ सुरक्षित बनाउने ।

## परिच्छेद ३

## लम्फी स्किन रोग रोकथाम तथा नियन्त्रण

४. लम्फी स्किन रोग रोकथाम तथा नियन्त्रण गर्न स्वीकृत बजेट तथा कार्यक्रमबाट खर्च हुने गरी सञ्चालन गरिने कार्यक्रमहरुः

क) सचेतना तथा तालिम कार्यक्रम संचालनः लम्फी स्किन रोग संवन्धी सचेतना तथा तालिम कार्यक्रम संचालन गरिनेछ । जस्का लागी सुचना प्रकाशन प्रशारण गरी कृषकहरुको भेलामा बिज्ञहरु द्वारा जानकारी मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

ख) खोप कार्यक्रम संचालनः गाउँपालिका भित्रका सम्पुर्ण गाई जातिका पशुमा लम्फि स्किन रोग बिरुद्धको खोप कार्यक्रम संचालन गरिनेछ । जस्को लागी निम्न कार्य गरिनेछ ।

अ) लम्फी स्किन रोग बिरद्धको खोप तथा आवश्यक खरिद गर्ने ।

आ) खोप कर्ता नियुक्ति गर्ने ।

इ) कार्यापालिका निर्णयानुसार लागत साझेदारीमा खोप लगाउने तथा कृषकलाई खोप कार्ड दिने ।

ई) खोप लगाउने सरकारी वा निजि पाराभेट प्राविधिकलाई प्रति डोज प्रति पशु रु. ४० (चालिस रुपैयाँ मात्र) का दरले पारिश्रमिक तथा कार्यपालिका निर्णयानुसार संचार खर्च र ईन्धन खर्च दिइनेछ ।

## परिच्छेद ४

## राहत रकम र समितिहरु

**५. राहत रकमः** १. आ.व. २०७९/०८० देखी यता लम्फी स्किन रोगको कारण मरेका तपसिल बमोजिमका पशुको हकमा सम्बन्धित कृषकहरुलाई देहाय वमोजिमको राहत रकम उपलब्ध गराउनेछ । जसका निम्ति दफा – ६ बमोजिम गठित उपसमितिको सिफारिसमा देहाय अनुसार वितरण गरिनेछ ।

क) प्रति माउ गाईः अधिकतम रु. २००००।०० बिस हजार रुपैयाँ मात्र ।

ख) प्रती कोरली गाईः अधिकतम रु. १००००।०० दस हजार रुपैयाँ मात्र ।

ग) प्रती गोरुः अधिकतम रु. ५०००।०० पाच हजार रुपैयाँ मात्र ।

२. यस कार्यबिधिमा अन्यत्र जुनसुकै कुरा लेखिएता पनी लम्फि स्किन रोगको कारण मरेको र बिमा कम्पनी वा अन्यत्रबाट क्षतिपुर्ती वा राहत भुक्तानी पाईसकेका कृषकहरुलाई कुनै किसिमको राहत उपलब्ध गराइने छैन ।

**६. छनौट मुल्याङ्कन तथा सिफारिस समितिः** १. लम्फि स्किन रोग प्रभावित किसान छनौट मुल्यांकन तथा सिफारिस आर्थिक बिकास समितिले गर्नेछ ।

२. समितिले आवश्यक ठानेमा जुनसुकै समयमा बिज्ञ तथा पशु प्राबिधिकहरु लाई आमन्त्रण गर्न सक्नेछ ।

**७. छनौट मुल्याङ्कन तथा सिफारिस समितिको काम कर्तव्य र अधिकारः** छनौट मुल्याङ्कन तथा सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ ।

क) वडाबाट प्राप्त भएको माग बिवरणको सत्य तथ्य छानमिन गर्ने ।

ख) लम्फी स्किन रोगको सम्भावित संक्रमणलाई नियन्त्रण तथा रोकथाम गर्न खोप कार्यक्रम संचालनको लागी कार्य योजना बनाउने ।

ग) क्षतिको मुल्याङ्कन गर्ने ।

घ) कार्यपालिकाले तोके बमोजिमको अन्य कार्य गर्ने ।

**८. निर्देशन समितिः** लम्फि स्किन रोग प्रभावित किसान छनौट मुल्यांकन तथा सिफारिस गर्न बनेको छनौट मुल्याङ्कन तथा सिफारिस समितिलाई आवश्यक निर्देशन र समन्वय गर्न देहाय बमोजिमको निर्देशन समिति रहनेछ ।

प्रमुख - संयोजक

उप प्रमुख - सदस्य

प्रमुख प्रशासकिय अधिकृत - सदस्य सचिव

## परिच्छेद ५

## लाभग्राही छनौट मापडण्ड तथा राहत बितरण प्रकृया

**९. लाभग्राही छनौट प्रकृयाः** लम्फी स्किन रोगवाट मृत्यु भइ राहत पाउने लाभग्राहीको छनौट देहाय बमोजिम गरिनेछ ।

क) कार्यबिधी स्वीकृत भएको १५ दिन भित्र निश्चित समयावधी निर्धारण गरी सुचना प्रकाशन गरेर लम्फी स्किन रोगबाट पशुको मृत्यु भएका किसानको निवेदन वडा कार्यालय मार्फत माग गर्ने ।

ख) वडा कार्यालयले संकलन गरेको माग निवेदन उपर वडा समितिको बैठक बसी प्रारम्भिक छानविन पश्चात वास्तविक राहत पाउनु पर्ने किसानको बिवरण सिफारिस गरि सम्पुर्ण कागजात सहित शाखामा उपलब्ध गराउनु पर्नेछ । छानविन गर्दा मृत्यु भएका पशु सम्वन्धित वडा भित्रको हो / होइन, लम्फी स्कीन रोगकै कारण मरेको हो / होइन जस्ता बिषयलाई आधार बनाउनु पर्ने छ । सो को लागी आवश्यक ठानेमा छनौट मुल्याङ्कन तथा सिफारिस समिति तथा निर्देशन समितिले आवश्यक निर्देशन समेत दिनेछ ।

ग) छनौट मुल्याङ्कन तथा सिफारिस समितिले प्राप्त भएका निवेदन उपर थप छानविन गर्नेछ । छानविन गर्दा मृत्यु भएका पशु सम्वन्धित वडा भित्रको हो / होइन, लम्फी स्कीन रोगकै कारण मरेको हो / होइन जस्ता बिषयलाई आधार बनाउनु पर्ने छ । सो को लागी आवस्यक ठानेमा निर्देशन समितिले आवस्यक निर्देशन समेत दिनेछ ।

घ) लाभग्राहीको यथार्थ बिवरण स्वीकृतिको लागी कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

च) छनौट मुल्याङ्कन तथा सिफारिस समितिले सिफारिस गरेको लाभग्राहीको सुचिमा आवश्यक छलफल गरी कार्यपालिकाले लाभग्राहीको सुची स्वीकृत गर्नेछ ।

**१०. राहत रकम भुक्तानी सम्बन्धी व्यवस्थाः** कार्यपालिकाबाट लाभग्राहीको बिवरण स्विकृत भए पश्चात कार्यपालिकाबाट स्विकृत लाभग्राहीको नाम प्रकाशन गरी भुक्तानीका लागी आर्थिक प्रशासन शाखामा पठाउनेछ ।

## परिच्छेद ६

## अन्य

**११. झुठा बिवरण पेश गर्न नहुनेः** यस कार्यबिधि बमोजिम राहत पाउन कुनै पनी कृषकले झुठा बिवरण पेश गरी राहत पाएको प्रमाणित भएमा सो कृषकबाट राहत पाएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**१२. संशोधनः** यस कार्यबिधिलाई समय सापेक्ष कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१३. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यबिधिको कार्यान्वयनका क्रममा कुनै किसिमको बाधा उत्पन्न भएमा कार्यपालिका बैठकले निर्णय गरी बाधा फुकाउन सक्ने छ ।

(माग निवेदनको ढाँचा)

| रु १० -/को हुलाक टिकट टाँस गर्ने । |
|---|

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सन्दकपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
माबुमोड, देउराली, इलाम ।

विषय : राहत रकम उपलव्ध गराई दिने वारे।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति                गतेको प्रकाशित सूचना अनुसार म निवेदकको तपसिल बिवरणको पशु लम्फी स्किन रोगका कारण मरेको हुँदा "**सन्दकपुर गाउँपालिकाको लम्फी स्किन रोग रोकथाम नियन्त्रण तथा राहत सम्वन्धी कार्यबिधी २०८०**" बमोजिम राहत रकम भुक्तानीका लागी अनुरोध गर्दछु ।मैले यो पशु संग संम्वन्धित कुनै पनि बिमा कम्पनी वा अन्यत्रबाट क्षतिपुर्ती वा राहत भुक्तानी पाएको छैन । साथै उल्लेखित बिवरण ठिक साँचो हो, फरक परे कानुन बमोजिम सहन मन्जुर छु ।

तपसिल

१. पशुको किसिम तथा संख्याः

क. माउ गाईः          ख. कोरली गाईः          ग. गोरुः

२. उमेरः          रंगः          जातः          बेतः

३. पशु बिरामी सुरु भएको मितिः

४. पशु मरेको मितिः

५. उपचार गर्ने प्राबिधिकको नाम र सम्पर्क नम्वरः

६. आवेदकको नाम :

७. आवेदकको पुरा ठेगाना (साविक र हालको समेत )

८. सम्पर्क नम्वरः

९. हस्ताक्षरः

| दायाँ | बायाँ |
|---|---|
| | |

**(लम्फी स्किन रोग बाट मृत्यु भएका पशु चौपाया धनीहरुलाई राहत बितरण सम्वन्धी सुचनाको ढाँचा)**

**लम्फी स्किन रोग बाट मृत्यु भएका पशु चौपाया धनीहरुलाई राहत बितरण सम्वन्धी सुचना**

**प्रथम पटक सूचना प्रकाशन मिति................**

सन्दकपु गाउँपालिका क्षेत्रभित्रका पशु चौपायाहरुमा महाँमारीको रुपमा फैलिएको लम्फि स्किन रोगको कारण गत आ.ब. देखी हाल सम्म मृत्यु भएका पशु धनीलाई "**सन्दकपुर गाउँपालिकाको लम्फी स्किन रोग रोकथाम नियन्त्रण तथा राहत सम्वन्धी कार्यबिधी २०८०**" बमोजिम राहत दिने कार्यक्रम रहेको हुँदा लम्फि स्किन रोग बाट माउ गाई कोरली र जोत्ने वा प्रजननको लागी पालिएको गोरुको मृत्यु भएका कृषकहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र सम्वन्धित वडा कार्यालयमा तपशिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव पेश गर्नु हुन जानकारी गराईन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका वा पुर्ण रुपमा आवेदन फारम नभरेका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ । लम्फि स्किन रोगको कारण मरेको र बिमा कम्पनी वा अन्यत्रबाट क्षतिपुर्ती वा राहत भुक्तानी पाईसकेका कृषकहरुलाई कुनै किसिमको राहत उपलब्ध गराइने छैन ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. तोकिएको ढाँचामा निवेदन ।

२. नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

३. चालु आ.व. को तिरो तिरेको रसिदको प्रतिलिपी ।

४. सर्जमिन मुचुल्काको प्रतिलिपी ।